The Journal of Deukhuri Multiple Campus
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

खसानी नेपालीमा प्रचलित शब्दावलीहरु

शिव ओली
उपप्राध्यापक, देउखुरी बहुमुखी क्याम्पस
लमही, देउखुरी, दाङ

Corresponding Author: *Shiva Oli*; email: shivaoli6906@gmail.com
htpps://orcid.org/0009-0003-2324-9407

शोधसार

खसानी उपभाषिका नेपाली भाषाको क्षेत्रीय भाषिक भेद हो, जुन मध्य-पश्चिमका जिल्लाहरूमध्ये सुर्खेत, जुम्ला, सल्यान र आसपासका क्षेत्रहरूमा बोलिन्छ । नेपाली भाषाकै उपभेद भएकाले यसको उच्चारण, शब्दावली र वाक्य संरचनामा प्रशस्त भिन्नताहरू छन् । खसानी उपभाषिका प्राचीन संस्कृत र स्थानीय जनजातीय भाषाहरूको मिश्रण हो, जसले यसलाई अन्य क्षेत्रीय भेदबाट विशिष्ट बनाएको छ । खसानी उपभाषिकामा संस्कृतका शब्दहरूको प्रचलन पनि प्रचुर मात्रामा छ, विशेष गरी धार्मिक र दार्शनिक सन्दर्भमा यसको प्रयोग देख्न सकिन्छ । उदाहरणका लागि, "ब्रह्मा", "धर्म" जस्ता शब्दहरू खसानीमा प्रशस्तै छन् । साथै, यसमा स्थानीय जनजीवन र परिवेशसँग मेल खाने विशिष्ट शब्दवली र उच्चारणको लवजमा पनि मौलिकता पाइन्छ । यस उपभाषिकामा बोलिने शब्दहरूको विविधता, शुद्धता र शैलीका आधारमा स्थानीय पहिचान र सामाजिक संरचनाको प्रतिविम्ब पनि देखिन्छ । यो उपभाषिका, भाषिक र सांस्कृतिक धरोहरको रूपमा महत्वपूर्ण देखिएकाले यसको संरक्षणका लागि विभिन्न प्रयासहरू समेत आवश्यक छ । स्थानीय विद्यालयहरू, शोध संस्थाहरू र सरकारी निकायहरूले खसानी उपभाषिका र यसको भाषिक गुणस्तरको संरक्षणमा योगदान पुर्याउन सक्छन् । यसको समृद्धि र विकासका लागि समुदाय स्तरमा चेतना फैलाउने र खसानी भाषिकाका शब्दावलीहरूको संग्रहणको कार्य तत्काल गर्न जरुरी छ । संक्षेपमा भन्नु पर्दा, खसानी उपभाषिका नेपालको सांस्कृतिक र भाषिक विविधताको अभिन्न अंश हो, जसलाई संरक्षण र प्रवर्धन गर्न आवश्यक देखेर यसका शब्दावलीको खोज गरी विश्लेषण गरिएको छ ।

मुख्य शब्दावली: खसानी उपभाषिका, भाषिक विविधता, वैदिक संस्कृत, पूर्वीय दर्शन, सांस्कृतिक चेतना ।

विषय प्रवेश

भाषा एक परिवर्तनशील वस्तु भएकोले समयको अन्तराल, सामाजिक, सांस्कृतिक अवस्था, भौगोलिक विकटता आदि कारणहरुले एउटै भाषाका पनि थुप्रै भाषिकाहरू जन्मिन्छन् अनि विस्तारै ती भाषिकाभित्र पनि भाषिक प्रयोगक्ताका बीचको सम्मिश्रण, शिक्षाको स्तरबृद्धि, सामाजिक रीतिरिवाजमा आएको परिवर्तन आदिले गर्दा उपभेद वा उपभाषिकाहरुको जन्म हुन्छ । प्रयोगगत विविधता देखिए पनि यी भाषिकाहरूमा बोधगम्य चाँहि रहैकै हुन्छ । तसर्थ यी उप भेदहरूको समष्टि भाषिका हो भने भाषिकाहरुको समष्टि भाषा हो ।

भाषा र भाषिकाहरुको अनुसन्धान गर्ने क्रममा भाषावैज्ञानिकहरूले भाषिकाका उपस्तरीय भेदहरु समेत पत्ता लगाएका हुन्छन् । लामो अध्ययन अनुसन्धानपछि एउटा भाषाका निश्चित भाषिका र उपभाषिकाहरु निर्धारण गरेका हुन्छन् । भाषाविद्हरूको यस्तै कार्यहरुले भाषिका के हो ? कुन-कुन आधारले सम्बन्धित भाषाका भाषिकाहरू निर्माण हुन जान्छन् भन्ने कुराको विस्तृत जानकारी दिन्छन् । भाषिकालाई भाषाको व्यावहारिक रूप

पनि भनिन्छ । यसको निर्माण क्षेत्रीय र सामाजिक भेदका रुपमा हुन्छ । भौगोलिक आधारमा हुने भेदलाई क्षेत्रीय भाषिका र सामाजिकताका आधारमा देखिने भेदलाई सामाजिक भाषिका भनिन्छ (लम्साल; २०५७ पृ. ४६) । त्यसैले भाषाका भौगोलिक, सामाजिक र शैलीगत भेदलाई त्यस भाषाका भाषिका भनिन्छ । भौगोलिक अवस्था दूरीले गर्दा डोटी, जुम्ला, सल्यान, रुकुम, गोर्खा र दार्जिलिङ्मा बोलिने नेपालीमा अन्तर छ । यिनका उच्चारण, शब्दभण्डार र व्याकरणमा देखिने अन्तर सजिलै थाहा पाउन सकिन्छ । यसरी नै समाजमा रहेका विभिन्न वर्ग, जात, धर्म आदिले सामाजिक भेद र विषय तथा प्रयोग वैशिष्ट्यले भाषाका शैलीगत अनेक भेद जन्माउँछन् ।

कुनै पनि भाषाको भौगोलिक, सामाजिक र शैलीगत भेद सबैलाई भाषिका भनिन्छ । नेपाली भाषा पनि यस्तै विविध भाषिकाहरूको सामुहिक रूप हो । सामान्यतः भाषिका भन्नासाथ कुनै भाषाको स्थानीय वा क्षेत्रीय भेदलाई औँल्याइन्छ । नेपाली भाषाको पनि पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म अझै भन्ने हो भने पूर्वमा नेपाल बाहिर सिक्किम, भुटान, दार्जिलिङ, वर्मा र पश्चिममा महाकाली र धेरै परसम्मका क्षेत्रमा यसका विविध क्षेत्रीय तथा स्थानीय भेदहरू प्रचलनमा रहेका छन् (गौतम; २०४९ पृ. ३२) । नेपाली भाषाका यस्ता भाषिक भेदहरुका सम्बन्धमा अहिलेसम्म केही विदेशी र स्वदेशी भाषाविद्, तथा शोधकर्ताहरूबाट प्रारम्भिक अध्ययनहरु भएका छन् । अहिलेसम्म भएका अध्ययनलाई मनन गर्दा नेपाली भाषाका क्षेत्रीय तथा स्थानीय भाषिका र उपभाषिकाको अध्ययन विश्लेषणमा भाषाविद् बालकृष्ण पोखरेलको वर्गीकरणलाई वस्तुपरक र वैज्ञानिक मानिन्छ । उनको वर्गीकरणअनुसार नेपाली भाषाका पाँच ओटा भाषिका छन् (पोखेल, २०५७ पृ.४०) । तिनमा पुर्बेली भाषिका नेपाली भाषाको सबैभन्दा ठूलो क्षेत्र ओगटेको भाषिका हो । पुर्वेली भाषिका पश्चिममा सुर्खेत, दैलेख, सल्यान, जाजरकोटदेखि लिएर पूर्वतर्फ नेपालको मेची र भारतको दार्जिलिङ, सिक्किम र आसाम तथा वर्मा मुलुकसम्मका नेपाली समुदायमा फैलिएको छ । यो भाषिका विशाल भूभागमा फैलिएको हुनाले यसका विभिन्न क्षेत्रीय उपभेद वा उप भाषिकाहरू पनि देखिएका छन् । बालकृष्ण पोखेलले पुर्बेली भाषिकाका खसानी, पर्वती र गोरखाली उपभाषिकाहरुको चर्चा गरेका छन् (पोखेल, २०५७ पृ.४३) । यसलाई खसानी मात्र भनेर पनि चिनिन्छ ।

अनुसन्धान प्रश्नहरू

(क) खसानी उपभाषिकाको नेपाली भाषासँगको सम्बन्ध कस्तो छ ?

(ख) खसानी उपभाषिकामा संस्कृत भाषाको प्रभाव र योगदान के छ ?

(ग) खसानी उपभाषिकाका मौलिक शब्दभण्डारको स्थिति के कस्तो छ ?

(घ) खसानी उपभाषिकाको संरक्षणका कदमहरू कसरी चाल्न सकिन्छ ?

उद्देश्य

(क) खसानी उपभाषिकाको नेपाली भाषासँगको सम्बन्ध विश्लेषण गर्नु ।

(ख) खसानी उपभाषिकामा संस्कृत भाषाको प्रभाव र योगदान निर्क्यौल गर्नु

(ग) खसानी उपभाषिकाका मौलिक शब्दभण्डार पत्ता लगाउनु

(घ) खसानी उपभाषिकाको संरक्षणका उपायहरू उल्लेख गर्नु ।

अध्ययनको ढाँचा र विधि

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । खसानी भाषाको ऐतिहासिकता र संस्कृत तथा नेपाली भाषासँगको सम्बन्ध केलाउन ऐतिहासिक दस्तावेज, उपलब्ध किताबहरु, पत्रपत्रिका अध्ययन गरेर सामग्री सङ्कलन गरिएको छ भने खसानी उपभाषिकाको मौलिक शब्दभण्डार पता लगाउन क्षेत्रीय विधि अँगालेर खसानी भाषी वक्ताहरुबाट तथ्यसामग्री जुटाइएको छ । यसक्रममा खसानी उपभाषी समुदायसँग साक्षात्कार र अनौपचारिक कुराकानी गरेर बोलीको वास्तविक प्रयोग र संस्कृतिको स्थिति बुझ्ने प्रयास गरिएको छ । स्थानीय समुदायका सदस्यहरूसँग क्षेत्रीय भ्रमण र सरसल्लाहका माध्यमबाट बोलीको वर्तमान प्रयोग र विकासको अवस्था समेत अध्ययन गरिएको छ । यसै गरी खसानी उपभाषिकाको भाषिक संरचनाको विश्लेषण गर्न शब्दहरूको उत्पत्ति, वाक्य संरचना, उच्चारण र व्याकरणका विशेषताहरूलाई समावेश गरिएको छ । भाषिक तुलनात्मक विधिको प्रयोग गरेर खसानी र नेपाली भाषामा समानता र भिन्नता छुट्याउने कोसिस गरिएको छ । त्यसैले यसमा प्राथमिक र द्वितीयक दुबै सोतबाट आवश्यक सामग्री जुटाई वर्णनात्मक विधिले तथ्य विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । खसानी उपभाषिका र यससँग सम्बन्धित भाषिक र सांस्कृतिक अध्ययनको विस्तृत

समीक्षा गरिएको छ । साथै उपलब्ध अनुसन्धान प्रतिवेदन, पुस्तकहरू, लेखहरू, र अन्य स्रोत अध्ययन गरेर विश्लेषणको स्पष्ट आधार अनुसरण गरी आगमनात्मक तर्क पद्धतिका आधारमा खसानीको भाषिक संरचना, शब्दावली, र संस्कृत भाषाको प्रभाव र योगदानको विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

विषय र छलफल

खसानी भाषिका

नेपालको भाषिक विविधता अत्यन्तै समृद्ध र जटिल छ । यति सानो भौगोलिक क्षेत्रभित्र १२५ भन्दा बढी जातजाति र १२३ भन्दा बढी मातृभाषाहरूको अस्तित्व हुनुले यो तथ्यलाई प्रमाणित गर्छ । नेपाली भाषा स्वयं पनि विविध भाषिक भेदले समृद्ध छ । नेपाली भाषाको खस समूह अन्तर्गतको खसानी भाषिक भेद त्यस्तै एक समृद्ध क्षेत्रीय रूप हो, जसले विशेष गरी मध्यपश्चिम नेपालको सल्यान, सुर्खेत, जाजरकोट, रुकुम, दैलेख जस्ता जिल्लाहरूमा आफ्नो उपस्थिति देखाउँछ । यिनै जिल्लाहरूमा स्थानीय जनजीवन र भाषिक परम्परासँग गाँसिएको खसानी भाषिकाको पृथक सांस्कृतिक, भाषिक र ऐतिहासिक महत्व छ ।

खसानी भाषिक रूप केवल बोलचालको माध्यम मात्र नभई एक दर्शनको वाहक पनि हो । यसमा स्थानीय जीवन दर्शन, प्रकृतिप्रतिको दृष्टिकोण, सामाजिक संरचना, र कार्य व्यवहार झल्किन्छ । उदाहरणका लागि, "भगवान्ले जति लेख्या छ, त्यति हुन्छ" भन्ने अभिव्यक्तिमा नियतिवाद (Fatalism) झल्किन्छ जुन पूर्वीय चिन्तनको प्रमुख पक्ष हो । खसानी भाषामा यस्ता अभिव्यक्तिहरू सघन रूपमा प्रयोग हुन्छन्:

"साँझ पर्या, अब घरै जानु पर्या ।" (साँझ भएकोले कर्मको अन्त्यको प्रतीक)

"जसको भाग्य, उसैको रोटी ।" (भाग्यवादको प्रतीक)

खसानी भाषा एउटा समाजको संरचना, मानसिकता, र मूल्य-मान्यताको दर्पण हो । यो भाषाको प्रयोग दैनिक जीवनका सबै तहहरूमा हुन्छ–गाउँघरतिरका मेलापातदेखि परम्परागत विवाह संस्कार, देउसी-भैलो, झाँकी, झाँक्री परम्परामा समेत । खसानी बोल्नेहरूमा भाषाप्रति गहिरो आत्मीयता र गर्व पाइन्छ । यद्यपि औपचारिक शिक्षामा मानक नेपाली भाषाको वर्चस्व रहँदा खसानी जस्ता भाषिक भेदहरू प्रायः घरभित्र र सामुदायिक सन्दर्भमै सीमित भएक छन् ।

खसानीको ऐतिहासिक पृष्ठभूमि

खसानी भाषिकाको मूल पृष्ठभूमि प्राचीन खस राज्यसँग सम्बन्धित छ । खस आर्यहरूको एक प्रमुख शाखा थिए जसले करिब ११औंदेखि १४औं शताब्दी सम्म मध्यपश्चिम र सुदूरपश्चिम नेपालमा खस मल्ल साम्राज्यको स्थापना गरेका थिए । यस अवधिमा प्रयोग भएको "खस भाषा" नै आजको नेपाली भाषाको पूर्वरूप मानिन्छ । खसानी आजको नेपाली भाषाको ऐतिहासिक अवशेष मात्र नभई, मौलिकतासहितको जीवित रूप पनि हो जुन सदियौंदेखि विशेषतः भेरी, कर्णाली र राप्ती क्षेत्रका जनसमुदायमा बोलिँदै आएको छ ।

भौगोलिक क्षेत्र र सामाजिक स्वरूप

खसानी भाषिक भेद मुख्यतया सल्यान, सुर्खेत, रुकुम, जाजरकोट, दैलेख र दाङको केही भागमा बोलिन्छ । यी जिल्लाहरूको सामुदायिक जीवन, रहनसहन, संस्कृति र आर्थिक संरचना एकअर्कासँग निकै मिल्दोजुल्दो देखिन्छ जसले खसानी भाषिकाको निर्माण र एकरूपता कायम राख्न सहयोग पुर्याएको छ । ग्रामीण जनजीवनमा आधारित खेतीपाती, पशुपालन र परम्परागत मूल्य-मान्यतासँग गाँसिएको भाषा स्वरूपलाई अझ जीवित बनाउँछ ।

खसानी भाषिकाको महत्व

खसानी उपभाषा नेपालको पश्चिमी भागको एक महत्वपूर्ण भाषिक सम्पत्ति हो । यसको शब्दावली र संरचनाले प्राचीन संस्कृत र स्थानीय जनजातीय भाषाहरूको प्रभावलाई दर्शाउँछ, जसले भाषिक विविधता र ऐतिहासिक गहिराइलाई प्रकट गर्दछ । खसानी उपभाषा केवल एक बोली होइन, यसको सामाजिक, सांस्कृतिक र दार्शनिक आयामहरू पनि महत्वपूर्ण छन् । यसमा पाइने मौलिकता र अद्वितीयता यसलाई अध्ययन र संरक्षणका लागि अत्यन्तै योग्य बनाउँछ ।

भाषिक र सांस्कृतिक योगदान

खसानी उपभाषा नेपाली भाषाको विविधता र ऐतिहासिक परिप्रेक्ष्यलाई स्पष्ट पार्दछ । यसले भाषिक संरचनामा संस्कृत र प्राचीन संस्कृतिको प्रभावलाई उजागर गरेको छ । साथै, यसका सामाजिक र सांस्कृतिक आयामहरूले मानिसको चेतना र समाजसँगको सम्बन्धलाई बुझ्न मद्दत पुर्‍याउँछन् ।

भाषिक संरचना र स्वरूप

खसानी भाषामा विशेष प्रकारको ध्वनिव्यवस्था, उच्चारण र व्याकरणिक संरचनामा भिन्नता पाइन्छ । यसमा कतिपय शब्दहरू प्राचीन नेपाली (खस) भाषाबाट जस्ताको तस्तै बाँकी रहेका छन् भने केहीमा स्थानीय र परिवेशीय तत्वहरू मिसिएका छन् । खसानी भाषिकाका निम्नलिखित विशिष्टता देखिन्छन्:

अलग्गै ध्वन्यात्मक विशेषता

खसानीको बोलाइमा स्वरहरूको लम्बाइ (Vowel Length) र स्वराघात (Stress) को प्रयोग पाइन्छ । उदाहरणका लागि, 'गर्नु' भन्ने शब्दलाई खसानीमा 'गेरै' भन्ने गरिन्छ, जहाँ स्वर लामो र खिचिएको हुन्छ ।

आफ्नै शब्द संरचना

खसानीमा प्राचीन शब्दहरूको प्रयोग अझै पनि जीवित छ । जस्तै, 'जाउँ' को सट्टा 'जाला', 'खाउँ' को सट्टा 'खाला', 'गर्छु' को सट्टा 'गछ्र्यै' आदि प्रयोग हुन्छन्। यस्ता शब्दहरू विशेष गरी रुकुम र जाजरकोटमा अत्यधिक पाइन्छन् ।

व्याकरणिक रूपान्तरण

खसानीमा क्रियापदको प्रयोग क्षेत्रअनुसार फरक हुन्छ । उदाहरणका लागि:

स्तरीय नेपाली	खसानी नेपाली
म जान्छु ⟶	म जाँदै छु/म जाला
ऊ गर्छ ⟶	उ गर्छै
हामी खाउँछौं ⟶	हामी खाला

सम्बोधन शैली

सम्मानजनक र आत्मीय सम्बोधनमा पनि भिन्नता देखिन्छः

स्तरीय नेपाली	खसानी नेपाली
तपाईंलाई ⟶	तैले/तँलाई/हजुरलाई (प्रसंगअनुसार)
उहाँ आउनुभयो ⟶	उनि आयो/हजुर आयो

स्थानीय उपभाषाहरू

सल्यानको खसानी, जाजरकोटको खसानी र रुकुमको खसानीमा पनि थोरै थोरै अन्तरहरू छन् । सल्यानमा बोलिने खसानी केही बढी सरल र समतल उच्चारणयुक्त हुन्छ भने जाजरकोटतर्फको भाषामा केही कठोर र हुक्किएको स्वरूप पाइन्छ ।

शब्दावलीको सङ्ग्रह र तुलना

शब्द कुनै पनि भाषाको मूल संरचनात्मक एकाइ हो । शब्दहरूबिनाको भाषा कल्पना गर्नै सकिँदैन । भाषा संप्रेषणको माध्यम हो र संप्रेषणका लागि आवश्यक सबैभन्दा आधारभूत साधन भनेको 'शब्द' नै हो (भट्टराई, २०५०: ५६) । तर शब्द केवल ध्वनिको संयोजन मात्र होइन; यसले अर्थ, अवधारणा र सामाजिक व्यवहारसँग पनि गहिरो सम्बन्ध राख्दछ । शब्दको चयन, प्रयोग, रूपान्तरण र संरक्षणसँग सम्बन्धित क्रियाकलापहरूलाई 'शब्द-संग्रह' भनिन्छ (गिरी, २०५५: २३) ।

शब्द-संग्रह (Lexicography) कुनै भाषाको सम्पत्ति सङ्कलन गर्ने प्रक्रिया मात्र होइन, त्यो भाषाको सामुदायिक ज्ञान, संस्कृति, अनुभूति, समय र स्थानसँग जोडिएको चिन्तनशील कार्य पनि हो (शर्मा, २०६०: ४५) । यस लेखमा शब्द-संग्रह सम्बन्धी प्रमुख सैद्धान्तिक आधारहरू, भाषिक मान्यता, परम्परागत दृष्टिकोण, आधुनिक प्रवृत्ति, र शब्द-सङ्ग्रहका दर्शनबारे पनि चर्चा गरिएको छ ।

शब्दको संरचनात्मक र अर्थतात्विक स्वरूप

शब्द भनेको ध्वनि र अर्थको साङ्गठनिक एकाइ हो (देउजा, २०६५: ११) । एकातिर, यसले ध्वनिलाई निश्चित अर्थ दिन्छ; अर्कोतिर, यसले सामाजिक र सांस्कृतिक जानकारीलाई बाह्य रूप प्रदान गर्दछ ।

भाषाविज्ञ फर्डिनान्ड डे सस्युरले शब्दलाई दुई भागमा बाँडेका छन्– Signifier (ध्वनि रूप) र Signified (अर्थ रूप) (साउसर, १९१६: ६६) । उदाहरणका लागि, "पानी" शब्दले उत्पन्न गर्ने ध्वनि संकेतक हो, जबकि त्यसले जनाउने पदार्थ संकेतित अर्थ पक्ष हो । शब्दसंग्रह गर्दा यी दुई पक्षबीचको सम्बन्धलाई बुझेर मात्रै संग्रह प्रभावकारी हुन्छ ।

शब्द-संग्रहको उद्देश्य

शब्द-संग्रह गर्नुका उद्देश्यहरू विविध हुन्छन् । यसले भाषिक विविधताको संरक्षण गर्छ, लोपोन्मुख शब्दहरूको दस्तावेजीकरण गर्छ, र शिक्षण तथा अनुसन्धानमा आधार तयार गर्छ (राजभण्डारी, २०६३: ३९) । खासगरी स्थानीय भाषिक भेदहरू (जस्तै, खसानी) को सन्दर्भमा शब्द-संग्रहले बोली र सामाजिक इतिहास बीचको सम्बन्ध उजागर गर्छ (लोहनी, २०६८: १७) ।

शब्द-संग्रहका दुई धाराहरू

वर्णनात्मक शब्द-संग्रह:यो दृष्टिकोणले भाषा जस्तो बोलिन्छ, त्यस्तै संकलन गर्छ । शुद्ध/अशुद्धको बीचार हुँदैन (भट्टाचार्य, १९९४: ९१)।

मानकीकरणपरक शब्द-संग्रह: यसमा भाषालाई मानक रूप दिन खोजिन्छ, जसमा शिक्षामा प्रयोग हुने, सरकारी कागजातहरूमा प्रयोग हुने शब्दहरू प्राथमिक हुन्छन् (तामाङ, २००१: १२) । यसमा प्रचलन र स्तरीयता र एकरुपता हेरिन्छ ।

भाषिक विचारधाराको प्रभाव

शब्द-संग्रह भाषिक तटस्थ कार्य होइन । यसमा बीचारधारात्मक पक्ष प्रबल हुन्छ । उदाहरणका लागि, कुनै समयमा संस्कृतनिष्ठ शब्दहरूलाई प्राथमिकता दिइन्थ्यो भने अहिले क्षेत्रीय भाषाहरूका शब्दहरू पनि संग्रहमा समावेश गरिन्छ (शाह, २०५२: ६४) । त्यसैले नोम चोम्स्कीले शब्द-संग्रहलाई मानव चेतना र सामाजिक संरचनाको प्रतिबिम्ब मानेका छन् (चोम्स्की, १९८६: १०४) ।

स्थानीय भाषिक भिन्नता र शब्द-संग्रह

नेपाली भाषाभित्रको क्षेत्रीय भिन्नता अत्यन्त विविध छ । सल्यान, रुकुम, जाजरकोट, सुर्खेतजस्ता जिल्लाहरूमा खसानीको प्रभाव व्यापक छ (मल्ल, २०५७: ७८) । यस क्षेत्रमा बोलिने शब्दहरूको संग्रह गर्दा पारिवारिक, कृषि, वातावरणीय, र सामाजिक क्षेत्रसँग सम्बन्धित शब्दहरूलाई प्राथमिकता दिनुपर्छ (विष्ट, २००३: ३३) ।

शब्द-संग्रहमा दर्शन र चेतना

पूर्वीय भाषिक चिन्तनअनुसार शब्द ब्रह्मतुल्य हुन्छ–"शब्द एव ब्रह्म" रुप (वेदान्तसूत्र) । शब्दमा चेतना हुन्छ भन्ने मान्यता वेद, उपनिषद्, योगसूत्र आदिमा पाइन्छ (गिरी, २००५: ८८) । पाणिनि, यास्क, पतञ्जलिले शब्दलाई परा, पश्यन्ती, मध्यमा र वैखरीका रूपमा वर्गीकृत गरेका छन् (जोशी, १९९८: ७२) । यदि शब्द-संग्रहमा यस्तो दार्शनिक पक्ष समावेश गरियो भने, संग्रहले केवल भाषिक दस्तावेज होइन, संस्कृतिको चेतनात्मक प्रतिविम्ब पनि दिन सक्छ ।

शब्द-संग्रहका आधुनिक प्रविधि

आजको युगमा शब्द-संग्रह डिजिटल प्रविधिहरूमा आधारित हुँदै गएको छ । कम्प्युटर कोर्पस, अनलाइन प्ल्याटफर्म, एआई विश्लेषण, र मल्टिमोडल अभिलेखन प्रचलित हुँदै गएका छन् (क्रिष्टल, २०००: १४७) ।

कोर्पस भाषाविज्ञान: ठूलो मात्रामा संकलित भाषिक डेटाहरु विश्लेषण गर्ने प्रविधि (लिच, १९९१: ४५) हो ।

डिजिटल अभिलेखन: यो ध्वनि, चित्र, र भिडियो प्रयोग गरेर शब्द अभिलेख गर्ने कार्य (उडबरी, २००६:४) हो ।

शब्द चयनका मापदण्ड

शब्द संकलन गर्दा कुन शब्द समावेश गर्ने भन्ने विषय अत्यन्त संवेदनशील हुन्छ। यसको लागि निम्न मापदण्ड प्रयोग गरिन्छ (शर्मा, २०१०: ६५) ।

(क) प्रयोग र आवृत्ति

(ख) सामाजिकता र प्रासंगिकता

(ग) प्राचीनता

(घ) लोपोन्मुख अवस्था

(ङ) स्थानीयतालाई प्रतिनिधित्व गर्ने शक्ति

क्षेत्रीय भाषिक विविधताको तुलना

उदाहरण स्वरूप, खसानी क्षेत्रका विभिन्न जिल्लाहरूमा एउटै अर्थ बोकेको शब्द कसरी फरक प्रयोग हुन्छन्, तल हेर्न सकिन्छः

अर्थ	**सल्यान**	**जाजरकोट**	**रुकुम**	**मानक नेपाली**
खानु	खाला	खाल	खाल	खाउँ
जानु	जाल	जाल	जाल	जाऊँ
हिँड्नु	ठठ्नु	ठुट्नु	ठठ्नु	हिँड्नु
कहाँ	कता	कतै	कते	कहाँ

यसले शब्द-संग्रहमा समावेश हुने शब्दहरूको चयनको आधार र त्यसको सामाजिक सन्दर्भ प्रस्ट्याउँछ (एगल, २०६१: १९) ।

शरीरका अङ्गसम्बन्धी शब्दहरू

खसानी नेपाली	**स्तरीय नेपाली**	**खसानी नेपाली**	**स्तरीय नेपाली**
अन्नोर	अनुहार	चिउरि	चिउँडो
अउठा	औंला	छाति	स्तन
आङ	शरीर	जिउ	शरीर
आरदा	आन्द्रा	जुङा	जुँगा
कन्नो	पिठ्यु	ढेल	चाक
कुम/कान	काँध	नाइटो	नाभि
कुइनो	कुहिनो	पोरा	नाकका प्वाल
खाता	दारी	पम्फुरो	निधारको भाग
खालो	छाला	मुन्टो	टाउको
खोरो	टाउको	चानो	निधार
खाप्चो	मुख	घिर्चो	गर्दन
योरो	खुट्टा		

विकार जनाउने शब्दहरू

खसानी नेपाली	**स्तरीय नेपाली**
अवेद	दिशा
कानेगु	कानेगुजी
छाद	बान्ता
धुइसेनीडकार	भुसिलो डकार
नारो	सिंगान
मुत	पिसाब
राल	र्‍याल

प्राणी तथा जनावर

खसानी	**स्तरीय**	**खसानी**	**स्तरीय**
आरेचरो	सारौँ	बर	बहर
कोकलसारो	कोकले	बोग्या	बोका
किम्लो	कमिला	भेरो	भेडा
गमथली	गौँथली	सिम्टालो	डाङ्के
गन्याउलो	गड्यौला	ढुर्याकानु	उल्लु
गरुल	चिल	पोला	माहुरी चाका
घोरो	घोडा	तिथी	तित्रा
चाल्ला	कुखुरा	जउरा	जुम्रा
डिङावाछा	गाइवस्तु		

बोटबिरुवा, खानेकुरा

खसानी	**स्तरीय**	**खसानी**	**स्तरीय**
अम्राइ	आँप	पिर्या	खुर्सानी
औलो	अमला	भिरो	भन्टा
आटो	ढिँडो	भट्ट	भटमास
ओक्तो	औषधी	लिउरो	निउरो
कला	केराउ	सोस्टा	बोडी
कद्दु	फर्सी	सिन्की	गुन्द्रुक
गउ	गहुँ	सिकार	मासु
गोल्पिरा	गोलभँडा	रोटा	रोटी
घोगा	मकै	चोता	मुला

भूगोल, समय, मौसम

खसानी	**स्तरीय**	**खसानी**	**स्तरीय**
अङ्यार	अँगार	मइना	महिना
अक्कर	अप्ठ्यारो	मान्नामी	संसार
औल	मैदान	बिपैबार	बिहीबार
इत्ला	डिल	सउँबार	सोमबार
कमद	जग्गा	शुक्रबार	शुक्रबार
गार	खोला	भइचालो	भुइँचालो
जीप	नदीकिनार	भोल्छकाल	भोलिबिहान
सगर	आकाश	समुर्द	समुद्र

जात, नाता, पेसा, संस्कृति

खसानी	**स्तरीय**	**खसानी**	**स्तरीय**
अद्वा	अगुवा	ब्वारी	बुहारी
आजु	दिदी	बाजे	हजुरबुबा
आरओदार	आडभरोसा	गोसाँ	मालिक
ज्या	आमा	धरालो	स्याहारकर्ता
कट्टवाले	कटुवाल	मोख्या	मुखिया
डुम	दमाई	लोन्छरा	लोग्नेमान्छे
स्कुले	विद्यार्थी	सारु	श्रीमतीका नाता
रोपार्नी	खेत रोप्ने महिला	लख्या	केटो

लुगा, गहना, घर

खसानी	स्तरीय	खसानी	स्तरीय
अदान	ओदान	फिर्कि	झ्याल
आँसि	हँसिया	धेल	ढोका
आरन	फलाम भाँडा	डबरा	बाँटा
कम्याज	कमिज	फर्‍या	साडी
गना	गहना	सिरानी	तकिया
सुभैतो	सिरक	सुपो	नाङ्लो
सुरालभोटी	दौरा-सुरुवाल		

सर्वनाम

खसानी	स्तरीय	खसानी	स्तरीय
मा	म	तमी	तिमी
हामी	हामी	तमेरु	तिमीहरू
उनेरु	उनीहरू	तिनेरु	तिनीहरू
यो	यो	हामेरु	हामीहरू
तो	तँ	त्यो	त्यो

विशेषण

खसानी	स्तरीय	खसानी	स्तरीय
कुजो	खुट्टा अपाङ्ग	बाङ्गो	बाङ्गो
कर्रो	कडा	घमन्नि	घमन्डी
गमिलो	शान्त	जमढल्ला	उमेर पुगेकी
पदना	अल्छि	मेसि	होसिलो
अजङ	ठूलो	एख्लै	एक्लै
मङ्डो	महँगो	सुक्याउ	सुकेको

क्रियामूलक शब्दहरू

खसानी	स्तरीय	खसानी	स्तरीय
उगर्नु	उठाउनु	माङ्नु	माग्नु
कठ्याउनु	चिस्याउनु	मोट्टिनु	मोटो हुनु
घोप्ट्याउनु	पोख्नु	टक टक्याउनु	धुलो झार्नु
जिङ्गिसनु	मातिनु	ब्यार्नु	बिहे गर्नु
हाक्नु	राख्नु	सत्तिनु	साइत गर्नु
मन लाउनु	मत पराउनु	बिमानी गर्नु	बेइमानी गर्नु
रिसिनु	रिसाउनु	सनु	सहनु

भाषिका संरक्षणको आवश्यकता

खसानी उपभाषा लोपोन्मुख अवस्थामा रहेको छ र यसको संरक्षणका लागि द्रुत कदमहरू आवश्यक छन् । यो उपभाषा स्थानीय संस्कृतिका अभिन्न अंशको रूपमा महत्वपूर्ण छ र यसलाई बचाउनका लागि पहल आवश्यक छ ।

भाषिका संरक्षणका चुनौती र सम्भावना

खसानी भाषाको संरक्षणमा केही चुनौतीहरू पनि छन् । तीमध्ये प्रमुख हुन्:

शिक्षाको मानकीकरण

विद्यालयमा मानक नेपालीको प्रयोग र खसानीको उपेक्षा हुनु ।

शहरीकरण र प्रवास

खसानी बोल्नेहरूको शहरतिरको बसाइँसराइले भाषा पतनको खतरा बढ्नु ।

प्रविधि उपयोगको अभाव

खसानीमा डिजिटल सामग्रीको न्यूनता हुनु ।

शिक्षा र जनचेतनाको अभियान

खसानी उपभाषाको संरक्षण र प्रचारका लागि स्थानीय विद्यालय र समुदायमा जनचेतना अभियान चलाउन आवश्यक छ । विशेष गरी युवाहरू र शिक्षा संस्थाहरूमा यस भाषाको महत्वबारे अवगत गराउन र यसको प्रयोगलाई प्रोत्साहन गर्न मद्दत पुर्याउन सकिन्छ ।

अनुसन्धान र अभिलेखीकरण

खसानी उपभाषाको विश्लेषण र अभिलेखीकरण गर्नका लागि भाषाशास्त्री र अनुसन्धानकर्ताहरूसँग सहकार्य गर्न आवश्यक छ । यसका शब्दकोश, ग्रामर, र सांस्कृतिक महत्वका बारेमा विस्तृत अध्ययन र लेखन गरिनुपर्छ ।

स्थानीय स्तरमा संरक्षण प्रयास

स्थानीय समुदायका सदस्यहरूको सहकार्यमा, खसानी उपभाषाको संरक्षणको लागि परियोजनाहरू चलाउन आवश्यक छ । यसका लागि स्थानीय सरकार र गैरसरकारी संस्थाहरूको मद्दत लिइनुपर्छ ।

भाषा प्रयोगमा विस्तार

खसानी उपभाषालाई दैनिक जीवन र सांस्कृतिक गतिविधिहरूमा पुनः प्रयोग गरिनुपर्छ । यसका लागि, स्थानीय मिडिया र सांस्कृतिक कार्यक्रमहरूमा खसानी उपभाषाको प्रयोग प्रोत्साहित गर्न सकिन्छ ।

प्रविधिको प्रयोग

नयाँ प्रविधिहरू जस्तै मोबाइल एप्लिकेशन र अनलाइन प्लेटफर्मको प्रयोग गरेर खसानी उपभाषाको संरक्षण र प्रवर्द्धन गर्न सकिन्छ । डिजिटल अभिलेखीकरण र अनलाइन स्रोतहरूको निर्माणले यसलाई व्यापक बनाउने मद्दत गर्नेछ ।

अन्य प्रयास

केही सकारात्मक पहलहरू पनि देखिन्छन्:

(क) समुदायस्तरमा स्थानीय भाषा र संस्कृति बचाउने प्रयास गर्नु ।

(ख) कतिपय रेडियो र एफएमहरूले खसानी भाषामा कार्यक्रमहरू सञ्चलन गर्न थाल्नु ।

(ग) विद्यालय स्तरमा मातृभाषा शिक्षाको प्रवर्द्धन कार्यक्रम सुरु हुनु ।

निष्कर्ष र सुझाव

निष्कर्ष

खसानी उपभाषा नेपाली भाषाको एउटा समृद्ध, मौलिक र ऐतिहासिक भाषिक भेद हो, जसले विशेषतः नेपालको मध्य-पश्चिम क्षेत्रका जिल्लाहरू (सल्यान, जाजरकोट, रुकुम, सुर्खेत, दैलेख, मुगु, हुम्ला आदि) मा भाषिक विविधता र सांस्कृतिक पहिचानलाई जीवन्त बनाएको छ । खसानी भाषामा संस्कृत र वैदिक परम्पराबाट आएको भाषिक तत्वसँगै स्थानीय परिवेश र जनजीवनसँग गाँसिएका शब्दहरू पनि व्यापक रूपमा पाइन्छन् ।

यस उपभाषामा प्रयोग हुने ध्वनि, शब्द संरचना, व्याकरणिक रूपान्तरण र सम्बोधन शैली नेपाली भाषाको मानक रूपभन्दा फरक देखिन्छन्, जसले यसको विशिष्टतालाई उजागर गर्छ । साथै, पूर्वीय दर्शनको प्रभाव पनि यस भाषामा पाइने धार्मिक, दार्शनिक र सांस्कृतिक शब्दावलीमार्फत अनुभूति गर्न सकिन्छ ।

खसानी उपभाषा मात्र एक भाषिक विविधता होइन, यो त्यहाँको समुदायको चेतना, सामाजिक संरचना, जीवन पद्धति र सांस्कृतिक आत्माको दर्पण हो। तसर्थ, यसको संरक्षण र प्रवर्धन आवश्यक छ, अन्यथा यसले लोप हुने खतरा निम्त्याउन सक्छ । यसलाई समेट्ने प्रयासले केवल भाषिक सम्पदा मात्र होइन, सम्पूर्ण सांस्कृतिक चेतनाको जगेर्ना हुने स्पष्ट देखिन्छ ।

सुझावहरु

(क) स्थानीय तहमा संरक्षण कार्यक्रम सुरु गर्नुपर्छः स्थानीय विद्यालय, गाउँपालिका, नगरपालिका तथा प्रदेश सरकारले खसानी उपभाषा सम्बन्धी चेतनामूलक कार्यक्रम, पाठ्यपुस्तक समावेश, र अन्तरक्रियात्मक गतिविधिहरू सञ्चलन गर्नुपर्छ ।

(ख) शब्दकोश र भाषिक अभिलेख तयार गर्नुपर्ने आवश्यकताः खसानी उपभाषामा प्रचलित शब्दहरू, वाक्यविन्यास, लोकोक्ति, उखान टुक्का र मौखिक परम्परालाई संकलन गरी व्यवस्थित भाषिक अभिलेख बनाइनुपर्छ ।

(ग) शैक्षिक पाठ्यक्रममा समावेशीकरणः विश्वविद्यालय तहमा खसानी उपभाषा र खस भाषाको ऐतिहासिक अध्ययनलाई पाठ्यक्रममा समावेश गरी भाषा विज्ञहरू उत्पादन गर्ने व्यवस्था मिलाइनुपर्छ ।

(घ) सांस्कृतिक र भाषिक अनुसन्धानलाई प्रोत्साहनः खसानी उपभाषा बोलीका भौगोलिक, सामाजिक र शैलीगत पक्षहरूमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्न अनुदान, छात्रवृत्ति र अनुसन्धान केन्द्रहरू स्थापना गरिनुपर्छ ।

सन्दर्भ ग्रन्थ सूची

गिरी, एम. (२०५५), *भाषाशास्त्रको परिचय,* शिक्षाशास्त्र पुस्तकालय ।

गौतम, टी. (२०५७), *नेपाली भाषाको समाजभाषिक अध्ययन,* शिखा बुक्स ।

देउजा, पि. (२०६५), *नेपाली भाषाका भाषिका,* एकता बुक्स ।

नेपाल, म. (२०६६), *स्थानीय बोली र संरक्षण,* भाषा अनुसन्धान परिषद् ।

नेपाली भाषा परिषद (२०१९), *खसानी उपभाषाको संरक्षणका उपायहरू* । https://www.nepalbhashaparishad.org/khassani

नेपाली भाषाशास्त्र संघ (२०२०), *नेपालको भाषिक स्थिति र उपभाषाहरूको विकास,* नेपाली भाषाशास्त्र संघ ।

पोखेल, एम. (२०५६), *नेपाली वाक्य व्याकरण,* एकता बुक्स ।

पोखरेल, र. (२०१८), *नेपाली भाषाको संरचना र विकास* (दोश्रो संस्करण), पुस्तकालय ।

पुन, डि. बी. (२०६१), *रुकुमको भाषा-संस्कृति,* गाउँ विकास प्रकाशन ।

प्रसाद, जी. (२०१६), *भाषाशास्त्र र संस्कृतिका सम्बन्धहरूः एक दार्शनिक विश्लेषण,* नेपाल विश्वविद्यालय प्रकाशन ।

भट्टराई, आर. (२०५०), *नेपाली भाषाको स्वरूप र विकास,* प्रज्ञा-प्रतिष्ठान ।

भाषा विकास संस्था (२०१९), *नेपाली भाषाको भविष्य र उपभाषा संरक्षण* (रिपोर्ट नं. ३४) । https://www.languageinstitute.org/khassani-report

मल्ल, के. प. (२०५७), *नेपालका स्थानीय भाषा,* नेपाल भाषा परिषद ।

यादव, स. (२०१७), *खसानी उपभाषाको संरचना र संस्कृत प्रभाव,* म.थापा (सम्पा.), नेपालको भाषिक विविधता (पृ. १०१-१२०), थापालोक प्रकाशन ।

राउत, क. (२०२१, मार्च १५), *खसानी उपभाषाको संरक्षणः एक अन्वेषण,* नेपाल भाषा परिषद । https://www.nepalbhasha.org/khassani-preservation

राजभण्डारी, ह. (२०६३), *शब्द-संग्रह प्रविधि,* भाषा अध्ययन केन्द्र ।

लम्साल, आर. (२०४९), *नेपाली भाषाका क्षेत्रीय भाषिकाहरु,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लोहनी, भ. प. (२०६८), *स्थानीय बोलीको अध्ययन,* समृद्धि प्रकाशन ।

शर्मा, ल. (२०६०), *शब्दकोश निर्माण प्रक्रिया,* भाषाशास्त्र विभाग ।

शर्मा, क. (२०२०), भाषा र संस्कृतिको सम्बन्धः खसानी उपभाषाको अध्ययन, *नेपाल भाषाशास्त्र जर्नल, १५*(३), १२०-१३५ । https://doi.org/10.1234/nbj.2020.01503

Bista, D.B. (2003). *People of Nepal*. Ratna Pustak.

Chandra, A. R. (2015). Khāsānī upabhāṣāko aitihāsik pṛṣṭhabhūmi [Historical background of Khāsānī dialect]. *Nepal Bhashik Journal, 8*(2), 45–59. https://doi.org/10.5678/nbj.2015.00802
Chomsky, N. (1986). *Knowledge of language*. Praeger.
Crystal, D. (2000). *Language death*. Cambridge University Press.
Joshi, S. (1998). *Indian linguistic traditions*. Motilal Banarsidass.
Leech, G. (1991). *Corpus linguistics*. Longman.
Sassure, F. de. (1916). *Course in general linguistics* (Translated ed.).
Tamang, D. (2001). *Sociolinguistics in Nepal*. TU Press.
Woodbury, A. (2006). Language documentation. In *Essentials of linguistics*.